# समाजमा चर्चको भूमिका

***(The Role of the Church in the Community)***

**लेखकहरु:**

ग्यास्पर एफ. कोलोन

मे-एलेन एम. कोलोन

(By Gasar F. Colon and May-Ellen M. Colon)

**भावानुवादक:**

भजुराम तखाछेँ श्रेष्ठ

(Translator: Bhaju Ram Takhachen Shrestha)

सेभेन्थ-डे एडभेन्टिस्ट चर्च

नेपाल सेक्सन

नेपाल

ई.सन् २०१६ (बि.सं. २०७३)

यस बाइबल अध्ययनका मुख्य सम्पादकीय कार्यालय:
१२५०१ ओल्ड कोलम्विया पाईक, स्प्रिङ्गफिल्ड,
मेरिलाण्ड, २०९०४, संयुक्त राज्य अमेरिका
सम्पादक: सोराया होनायुरी, सहयोगी सम्पादकः जर्ज ब्लेसर र एस्थर डोस
प्रकाशक अधिकृत: ली अलेक्जेण्डर ग्रीभ
नेपाली भाषामा ईन्टरनेटमा प्रस्तुत गर्नेः जितेन्द्र श्रेष्ठ
ईन्टरनेट वेबसाईट : **www.nepalworks.com/bhajupurna**
http://www.sabbathschoolpersonalministries.org/article.php?id=78
**प्रतिलिपि अधिकार © जनरल कनफरेन्स अभ सेभेन्थ डे एडभेन्टिस्ट चर्च, शवाथ स्कुल विभाग**

प्रथम संस्करण : २०७३ (ई.सं. २०१६)
पाण्डुलिपि ईन्टरनेटबाट प्राप्त गर्न र अनुवादको लागि आधिकारिक अनुमती प्रदान साउथरन एशिया डिभिजन अभ सेभेन्थ-डे एडभेन्टिस्ट
सम्पादन सहयोगी - अमर पोते

कम्प्यूटर लेआउट तथा आवरण चित्र **सुजीत कुमार साह**

**प्रकाशक:** पा. उमेश कुमार पोखरेल,
निर्देशकः नेपाल सेक्सन अभ सेभेन्थ-डे एडभेन्टिस्ट चर्च ९८४३२२८६०६/
घरः ६६३७१८१,
ईमेल ठेगाना umesh.shantipokharel@gmail.com
सम्पर्कः- पास्टर कुबेर लामिछाने ☎ ९८४१७१५०९५
एल्डर भजुराम श्रेष्ठ, ☎ ९८१३१५४४३२ **bhajupurna@gmail.com**

यस अध्ययन पुस्तकमा तोकिएका बाइबलका केहि अंशहरू बाहेक बाइबलका अरू सम्पूर्ण अंशहरू नेपाली बाइबल सोसाइटीले छापेको **copyright @1997, 2006, 2009, 2011** पवित्र बाइबलबाट नेपाली बाइबल सोसाइटीको अनुमतीले उदृध गरिएका छन्। उक्त संस्थाको अनुमतीले नै पवित्र बाइबल (सरल नेपाली)बाट पनि अंशहरू उदृध गरिएका छन्।

# भूमिका
# सम्पूर्ण सुसमाचार

एक जना पास्टरले चर्चमा सबैको सामु बाइबल उठाएर देखाए। त्यो बाइबल च्यातिएको र थोत्रो थियो। कलेजमा पढ्दा तिनी र तिनका सहपाठीहरूले त्यो बाइबलमा उल्लेखित न्याय, गरिबपना, धन र अन्यायको बारेमा लेखिएका पदहरूलाई रातो कलमले चिन्ह लगाएका थिए। अनि तिनीहरूले ती विषयबस्तुसँग सम्बधित सबै पदहरूलाई कैंचीले काटेका थिए। जब त्यो सम्पन्न भएपछि उनको बाइबल प्वालै प्वालले भरिएको थियो। उपरोक्त बिषयबस्तुहरूलाई बाइबलले अत्यन्त महत्त्वपूर्ण मानन्दछ। यदि बाइबलबाट ती विषयबस्तुहरू निकालियो भने त्यसमा धेरै बिषयहरूको अभाव भएको देखिन्छ। परमेश्वरले के विषयमा गम्भिर रुपमा चासो राख्नुहुन्छ भनेर त्यस च्यातिएको र थोत्रो बाइबलले प्रभावकारी रूपमा देखाउँदछ।

हामी सेभेन्थ-डे एडभेन्टिस्टहरूलाई उपरोक्त कथाले के सन्देश दिन्छ त? यथार्थमा भन्ने हो भने त्यसले हामीलाई धेरै कुराको जानकारी दिनुपर्छ। चर्चभन्दा बाहिर कमसेकम ३० प्रतिशत एडभेन्टिस्टहरू सामाजिक सेवाकार्यमा लागिरहेका छन् भनेर खोजअनुसुन्धानले देखाएको छ। तर बाँकि ७० प्रतिशतको बारेमा के भन्ने? सम्पूर्ण अनन्तको सुसमाचार (प्रकाश १४:६) प्रचार गर्न र त्यसै अनुसार जिउन येशूले आफ्ना सबै भक्तहरूलाई आह्वान गर्नुहुन्छ।

सम्पूर्ण सुसमाचारको अर्थ के हो? यस संसारमा येशू आउनुको लक्ष्य र उहाँको सेवाकार्यको बारेमा लूका ४:१६-२१ले व्याख्या गरिएको छ। येशूलाई बिश्वास गर र विश्वासद्वारा मुक्ति पाइन्छ भनेर प्रचार गर्नुमात्र येशूभक्तहरूको काम होइन भनेर ती पदहरूले चित्रण गर्दछन्। निःसन्देह, मुक्तिको सुसमाचार सुनाउन हामीहरूको सम्पूर्ण कामको केन्द्रविन्दु हुनुपर्छ।

गरिब, बिपन्नप्रति मायादया देखाउने, भोकाएकोलाई ख्वाउन दिने, बिरामीको सेवा गर्ने, टुक्रिएको हृदय वा चित्त फाटेको हृदय हुनेहरूलाई सान्त्वना दिने, दुःखकष्ट पाएकाहरूको सेवा गर्ने, पिछडिएको वा समाजबाट तिरस्कृत जातिहरूको उत्थान गर्ने र बन्धनमा परिरहेकाहरूलाई फुक्का गर्ने जस्ता सामाजिक क्रियाकलापहरू पनि सुसमाचारको कार्यक्रममा समाबेश हुनुपर्छ भनेर येशूले आफ्ना भक्तहरूलाई सिकाउनुहुन्छ। येशूको आगमनको निम्ति पर्खिएर बसेका हामीहरू यदि सम्पूर्ण सुसमाचारको मर्म अनुसार जिउन चाहान्छौं भने सबैको न्याय र भलो गर्न सक्रिय

हुनुपर्छ र साथै शैतानले गरेका कुकृत्यहरूलाई भन्डाफोर गर्दै त्यसबाट राहत दिन भरमग्दुर प्रयास गर्नुपर्छ।

अनन्तको सुसमाचारमा हुनुपर्ने सम्पूर्ण तत्वहरू यस अध्याययमा हामी खोजनिति गर्नेछौं। सुसमाचारको माध्यमबाट समाजका विभिन्न क्षेत्रहरूमा चर्चले कस्तो प्रभावकारी भूमिका खेलिरहेको छ भनेर पनि यस अध्यायमा हामी नियाल्नेछौं। चर्चको परिभाषामा त्यो समूह समाबेश हुँदैन जो आफ्नो स्वार्थपूर्तिको निम्ति चर्च सँग रहन्छन्। तर येशूको चाहनामा चल्ने चर्चमा ती सही विश्वासीहरू हुन्छन् जो येशूको काम अनुसार अनन्तको सुसमाचार सुनाउँछन् र त्यसै अनुसार जिउँछन्। स्थानीय समूदायहरूको आवस्यकतालाई हेर्दै सेवा गर्दै सुसमाचार अनुसार जिउनु नै यस संसारमा हामी येशूभक्तको मौलिक लक्ष्य हो भनेर हामी सबैले ठान्नु जरुरी छ।

तपाईंको स्थानीय चर्चले ती आवश्यकताहरूप्रति संवेदनशील भएर कसरी सेवा गरिरहेको छ? चर्चका सबै निकायहरू तथा विश्वासीहरू सबै मिलेर समाजको उत्थानको निम्ति क्रियशिल हुनुपर्छ। ती निकाय तथा मानव स्रोतहरूमा स्वास्थ्य, किशोरकिशोरी, सब्बथ स्कुल, परिवार, डिकन तथा डिकनेस् आदिहरू समाबेश हुन्छन्। त्यसको साथै धेरै चर्चहरू एडभेन्टिस्ट सेवामुलक संस्थाहरूसँग मिलेर काम पनि गर्दछन्। एडभेन्टिस्ट सेवामूलक संस्थाहरू वा एडभेन्टिस्ट कम्युनिटी सर्भिसेज जस्ता संगठनहरू सुसमाचारको आदर्श निति अनुसार चल्दछन्। तिनीहरूले आफ्नो क्रियाकलापको प्रभावले मानिसहरूलाई परमेश्वरको वचन सुनाउन सक्रिय भूमिका खेलेका हुन्छन्। एडभेन्टिस्ट सेवामूलक संस्थामा समूदायहरूमा आवश्यक परेकाहरूलाई लुगाफाटा उपलब्ध गराउने डोरकास संस्था, महिला पुरुषको निम्ति एडेन्टिस्ट, एडभेन्टिस्ट डेभलोपमेन्ट रिलिफ एजेन्सी (आड्रा) अस्पताल आदि हुन्छन्। ती निकायहरू स्थानीय चर्चको मातहतमा हुन्छन् भन्ने छैन तर समाजमा भिज्न,सामाजिक सेवा गर्न र समाजमा रहेका मानिसहरूको आवश्यकताहरूप्रति संबेदनशील हुनमा तिनीहरूको भूमिका उल्लेखनीय हुन्छ।

ख्रीष्टद्वारा परमेश्वरले तपाईंलाई के गर्नुभयो त्यसको सराहना गर्न तपाईंले व्यक्तिगत रूपमा के गर्न सक्नुहुन्छ? एक जना चर्चको बिश्वासीले आफ्नो भावना यसरी पोखेका थिए:

सडकको पेटीमा मैले एक जना बालिकालाई देखें,
पातलो कपडामा चिसोले उनी कठ्याँग्रिएकी थिइन्,

एक छाक खान पाउने पनि उनलाई आशा थिएन,
परमेश्वरप्रति झोँक चलेर मैले उहाँलाई सोधेँः
"हे प्रभु तपाईँले यस्तो किन गर्न दिनुभयो?
त्यस केटीको अवस्थालाई तपाईँले किन केही गर्नुहुन्न?"
एक छिन परमेश्वर मौन हुनुभयो।
अनि त्यस रात अचानक परमेश्वरले यो जवाफ दिनुभयोः
"मैले त्यसको अवस्थालाई सुधार्न केही ने केही गरेको छु।
मैले तिमीलाई सृष्टि गरेँ।"-ड्वाइट नेलसन, पर्सुइङ्ग द पाशन अभ जीसस (नाम्पा, आइडाहो, पासिफिक पब्लिशिङ्ग आसोशियशन, २००५), पृ. ७८बाट रूपान्तरित।

*यो बाइबल अध्ययन पुस्तिका लेखिरहेको समयमा ग्यास्पर कोलन अमेरिकाको मेरिल्याण्ड राज्यको टोकोमा पार्कमा अवस्थित एडभेन्टिस्ट युनिभर्सिटीको धर्म विभागको अध्यक्ष्य थिए। मे-एलेन, जनरल कन्फरेन्स सब्बथ स्कुल, व्यक्तिगत सुसमाचार प्रचारप्रसार, र एडभेन्टिस्ट कम्युनिटी सर्भिस इन्टरनाशनलकी अध्यक्ष थिइन्। तिनीहरूले अफ्रिका र विगतको सोभियत संघकमा नौँ वर्षसम्म मिशिनेरी भएर काम गरेका थिए। तिनीहरूका दुई हुर्केका छोराछोरीहरू छन् र दुई नातिनातिनाहरू छन्।*

# विषयसूची


| अध्याय | | पृष्ठ |
|---|---|---|
| १. | सबै थोकको पुनर्स्थापना | १ |
| २. | गुमिएको प्रभुसत्ता | १४ |
| ३. | पुरानो करारमा न्याय र दया भाग १ | २८ |
| ४. | पुरानो करारमा न्याय र दया भाग २ | ४४ |
| ५. | सामाजिक सेवाकार्यमा लाग्ने... | ५९ |
| ६. | येशू मानिसहरुसँग घुलमिल गर्नुहुन्छ | ७२ |
| ७. | येशू सधैं मानिसहरुको हित चाहनुहुन्थ्यो | ८९ |
| ८. | येशूले सहानुभूति देखाउनुहुन्छ | १०५ |
| ९. | येशूले आवश्यक परेकाहरुको... | ११८ |
| १०. | येशूले मानिसहरुको विश्वास... | १३४ |
| ११. | येशूले "मलाई पछ्याऊ"... | १४९ |
| १२. | संसारको अन्त्यमा... | १६३ |
| १३. | येशूको आगमन | १७७ |

# अस्थाई पाना

<u>सुझावः</u> त्रैमासिक अध्ययन असोज ८ २०७३(सेप्टेम्बर २३, २०१६)पछि आफ्नो इच्छा अनुसार यो पाना च्याती दिनुहोला। प्रत्येक अध्याय शनिवार बेलुकादेखी शुक्रबार बेलुकासम्मको अध्ययन तीथि तोकिएको छ। तद्अनुसार जब यो अध्ययन चर्चमा सिकाउनु पर्दा प्रत्येक शुक्रबार सम्म अध्ययन गरेको अध्याय शनिबार बिहान अर्थात शबाथमा सिकाउनु होला। याद गर्नुहोस्, यस अध्ययन पुस्तिकालाई बाइबलको हस्तपुस्तिकाको रूपमा उपयोग गर्नु हुन सुझाव गरिन्छ। अरूलाई बाइबल सम्वन्धी शिक्षा दिनु यो अत्यन्त उपयोगी श्रोत हो।

| | | |
|---|---|---|
| १ | अध्याय १ | अषाढ ११-१७(जुन २५-जुलाई १) |
| २ | अध्याय २ | अषाढ १८-२४ (जुलाई २-८) |
| ३ | अध्याय ३ | अषाढ २४-३१ (जुलाई ९-१५) |
| ४ | अध्याय ४ | श्रावण १-७ (जुलाई १६-२२) |
| ५ | अध्याय ५ | श्रावण ८-१४ (जुलाई २३-२९) |
| ६ | अध्याय ६ | श्रावण १५-२१ (जुलाई ३०- अगस्ट ५) |
| ७ | अध्याय ७ | श्रावण २२-२८ (अगस्ट ६-१२) |
| ८ | अध्याय ८ | श्रावण २९- भाद्र ३ (अगस्ट १३-१९) |
| ९ | अध्याय ९ | भाद्र ४-१० (अगस्ट २०-२६) |
| १० | अध्याय १० | भाद्र ११-१७ (अगस्ट २७-सेप्टेम्बर २) |
| ११ | अध्याय ११ | भाद्र १८-२४ (सेप्टेम्बर ३-९) |
| १२ | अध्याय १२ | भाद्र २५-३१ (सेप्टेम्बर १०-१६) |
| १३ | अध्याय १३ | असोज १-७ (सेप्टेम्बर १७-२३) |

प्रभुमा जबर हुन बाइबल पढ्न अनिवार्य भएकोले, येशुभक्तले त्यसमा वचनबद्धता जनाउन हरेक दिन पढेको छु भनेर टिक (√) चिन्ह लगाउनु होला।

| अध्याय / बार | शबाथ | आइतबार | सोमबार | मंगलबार | बुधबार | बिहिबार | शुक्रबार |
|---|---|---|---|---|---|---|---|
| १ अषाढ ११-१७(जुन २५-जुलाई १) | | | | | | | |
| २ अषाढ १८-२४ (जुलाई २-८) | | | | | | | |
| ३ अषाढ २४-३१ (जुलाई ९-१५) | | | | | | | |
| ४ श्रावण १-७ (जुलाई १६-२२) | | | | | | | |
| ५ श्रावण ८-१४ (जुलाई २३-२९) | | | | | | | |
| ६ श्रावण १५-२१ (जुलाई ३०- अगस्ट ५) | | | | | | | |
| ७ श्रावण २२-२८ (अगस्ट ६-१२) | | | | | | | |
| ८ श्रावण २९- भाद्र ३ (अगस्ट १३-१९) | | | | | | | |
| ९ भाद्र ४-१० (अगस्ट २०-२६) | | | | | | | |
| १० भाद्र ११-१७ (अगस्ट २७-सेप्टेम्बर २) | | | | | | | |
| ११ भाद्र १८-२४ (सेप्टेम्बर ३-९) | | | | | | | |
| १२ भाद्र २५-३१ (सेप्टेम्बर १०-१६) | | | | | | | |
| १३ असोज १-७ (सेप्टेम्बर १७-२३) | | | | | | | |